# सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलना

स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता परिपूर्ति गर्ने प्रयोजनार्थ प्रस्तुत अनुसन्धान

शोध पत्र

प्रस्तुतकर्ता

ओम नारायण पौडेल

परीक्षा रोल नं. २८००६५/०६७

त्रि.वि. र. नं. ९–२–३२६–२३०–२००५

शिक्षाशास्त्र केन्द्रिय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाण्डौं

२०६९

त्रिभुवन विश्वविद्यालय

## शिक्षाशास्त्र संकाय

# शिक्षा शास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमाण्डौं

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शात्र संकाय अर्न्तगत एम.एड. दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता पुरा गर्न "सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलना" शोध शिर्षकमा छात्र ओम नारायण पौडेल द्वारा तयार पारिएको यस शोध पत्र प्रति म पूर्ण सन्तुष्ट छु, तसर्थ आवश्यक मूल्याङ्नको लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

**शोध निर्देशक** **हस्ताक्षर**

उप प्राध्यापक शिवराज बढू ..........................................

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपूर, काठमाण्डौं

मिति : २०६९ /०४/१७

त्रिभुवन विश्वविद्यालय

**शिक्षाशास्त्र संकाय**

## शिक्षा शास्त्र केन्द्रिय विभाग

**कीर्तिपुर, काठमाण्डौं**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शात्र संकाय अर्न्तगत एम.एड. दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता पुरा गर्न "सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलना" शोध शिर्षकमा छात्र ओम नारायण पौडेल द्वारा तयार पारिएको यस शोध पत्रलाई यस मूल्याङ्कन समितिद्वारा स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्राध्यापक स्वयं प्रकाश ज.व.रा.<br>(विभागिय प्रमुख). | ................................................... |
| उप प्राध्यापक शिवराज बढू<br>(शोध निर्देशक) | ..................................................... |
| प्राध्यापक डा. तिर्थराज पराजुली<br>(बाह्य सुपरिवेक्षक) | ....................................................... |

मिति : २०६९/०४/२६

# कृतज्ञतासमर्पण

प्रस्तुत शोध पत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय अन्तर्गत द्वितीय वर्षको Ed.CE ५९८ को आंशिक आवश्यकता पूरा गर्न " सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलना" भन्ने शिर्षकमा बाँके जिल्ला श्री त्रिभुवन उच्च मा.वि. स्रोत केन्द्र अर्न्तगतका २ वटा विद्यालयमा गरिएको व्यापक अनुसन्धानबाट तयार पारिएको हो । यस शोध पत्रमा बाँके जिल्लाको श्री त्रिभुवन उच्च मा.वि. स्रोत केन्द्र अर्न्तगतको सामुदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उच्च माध्यामिक विद्यालय रझेना र संस्थागत विद्यालय श्री दिपज्वति मा.वि.चप्परगौढी बिचको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थालाई जोडदार रुपमा प्रस्तुत गर्न खोजेको छु ।

मलाई शिक्षा दिक्षा दिई शोध पत्र लेखनको यो ठाउसम्म पूऱ्याउन अतुलनिय प्रेरणा प्रदान गर्नुहुने अभिभावकहरु र श्रद्धेय गुरुजनहरु प्रति पुर्णरुपमा हृदय देखिनै आभार प्रकट गर्दछु । त्यसैगरी प्रतिवेदन लेखनको क्रममा आवश्यक विषयमा सहयोग पुऱ्याउनुहुने श्रद्धेय गुरु शिवराज बढू, स्वयं प्रकाश ज.व.रा. लगायत पाठ्यक्रम तथा मूल्याङ्कन विभागका सम्पुर्ण गुरुजनहरु, सम्पुर्ण मित्रवर्गहरु, सहयोगी श्रष्ठाहरु, र नमुनामा परेका विद्यालय, प्र.अ., शिक्षक-शिक्षिकाहरु र विद्यार्थीहरु प्रति पुर्णरुपमा आभार प्रकट गर्दछु । साथै मलाई कम्प्युटर कार्यमा सहयोग पुऱ्याउनुहुने मित्र डिल्ली आचार्य जी लाई हृदय देखिनै धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस शोध पत्र लेखनको क्रममा कहि कतै कमी कमजोरी र त्रूटिहरु हून गएमा यस त्रूटि र कमी कमजोरीलाई औल्याइ सच्याई दिनहुन र उचित राय सूझावहरु दिनहुन म मेरो शोध निर्देशक, सम्बन्धित विषय विज्ञहरु, शिक्षकहरु र सम्पुर्ण पाठक वर्गहरुमा हार्दिक अनुरोध गर्दछु ।

**ओम नारायण पौडेल**

२०६९

## शोधसार

यस अध्ययनको शिर्षक **सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलना** रहेको छ । यस तुलनात्मक अध्ययन पाठ्यक्रम कार्यान्वयनका लागि गरिने आवश्यक तयारीहरुको तुलना गर्ने र कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन क्रियाकलापहरुको अवस्था तुलना गर्ने २ वटा उद्देश्यहरु तय गरी सम्पन्न गरिएको थियो । उल्लेखित उद्देश्यहरु परिपूर्तिका लागि उद्देश्यमूलक नमूना छनोट बिधिका आधारमा बाँके जिल्ला स्थित श्री त्रिभुवन उच्च माध्यमिक विद्यालय स्रोत केन्द्र अन्तर्गत पर्ने सामुदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उच्च माध्यमिक विद्यालय र संस्थागत विद्यालय श्री दिपज्वति विद्याश्रम माध्यमिक विद्यालयमा गई विद्यालय सर्वेक्षण फारम, प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारम, शिक्षक प्रश्नावली, कक्षा अवलोकन फारम, लक्षित समूहसंग छलफलका लागि निर्देशिका र दस्तावेजहरुको अध्ययनवाट सूचना संकलन गरिएको थियो ।

सङ्कलित सुचनाहरुको आधारमा तुलनात्मक अध्ययन गर्दा सामुदायिक र संस्थागत दुबै विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनमा उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५ ले सिफारिस गरे अनुसार २०५८ मा परिमार्जन गरिएको ७०० पुर्णाङ्क र ३९ पाठ्यभार भएको ९ वटा अनिवार्य विषयहरु पढाईहुने, दुबै विद्यालयमा सबै घण्टिको समयावधि ४० मिनेट रहेको, भौतिक पूर्वाधारको अवस्था समान प्रक्रितिको रहेको, कक्षाकोठामा साना विद्यार्थीहरुलाई अगाडी र ठुला विद्यार्थीहरुलाई पछाडी बसाल्ने ब्यवस्था रहेको, प्राथना, पिटि, कविता, गित, मुक्तक, चित्रकला र हाजिरिजवाफ जस्ता अतिरिक्त क्रियाकलापको व्यवस्था रहेको, कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र परिक्षा प्रणालिबाट उत्कृट विद्यार्थीहरुलाई पुरस्कारको ब्यवस्था रहेको, सबै शिक्षकहरुले पूर्वपाठको पुनरावलोकन गर्ने, समान प्रकृतिले पृष्ठपोषण प्रदान गर्ने, सबै शिक्षकहरुले गृहकार्य प्रदान गर्ने र अन्तिम जिल्ला स्तरिय परिक्षा दुबै विद्यालयमा एकै समयमा जिल्लाको नियम बमोजिम सञ्चालन हुने कुराहरुमा समानता रहेको पाईयो ।

असमानताहरुमा संस्थागत विद्यालयमा पाठ्यक्रममा उल्लेख नभएको २ वटा ऐच्छिक विषयहरु ऐच्छिक गणित र कम्प्युटर विषय पढाईहुने गरेको, सामूदायिकमा एउटामात्र प्रकासन पा.वि.के. द्वारा प्रकासित ९ वटा पाठ्यपूस्तक तर संस्थागतमा नेपाली र इन्डियन गरी १० वटा फरक-फरक प्रकासनको १३ वटा पाठ्यपुस्तकहरु प्रयोगमा ल्याईएको र संस्थागत विद्यालयमा नेपाली विषय बाहेक सबै विषयहरु अंग्रेजी माध्यमको र बढी मूल्य रहेको पाईयो । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालय वर्षभरिमा विद्यालय बढी दिन खुल्ने, धेरै दिन पढाई हुने, परिक्षा हुने दिन र समय धेरै र बिदा हुने दिन कम रहेको पाईयो । दुबै विद्यालयमा चौंथो पिरियड पछी हुने हाफ समय (half time) मा सामुदायिकले ३० मिनेट र संस्थागतले २० मिनेटको टिफिन समयको व्यवस्था गरेको पाईयो । सामुदायिकको पुस्तकालयमा संस्थागतको तुलनामा पूस्तकको प्रयाप्तता र पढ्ने ठाउँको ब्यवस्था कमजोर रहेको पाईयो

। सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा शिक्षकभार धेरै रहेको, संस्थागतको तूलनामा सामुदायिकमा विद्यार्थीहरुको कम उपस्थिति, कम सक्रिय, कम अनुसासित र अरुची प्रकट गर्ने गरेको, संस्थागत विद्यालयको कम्प्युटर कक्षामा विद्यार्थीहरुलाई बसाई गोलो आकारमा रहेका र संस्थागत विद्यालयका शिक्षकले जान्ने विद्यार्थीहरुलाई मात्र बढि ध्यान दिने गरेको पाईयो । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा अतिरिक्त क्रियाकलापहरु धेरै पटक (प्रत्येक हप्ता) सञ्चालन हुने गरेको पाईयो । संस्थागतका शिक्षकहरुले कक्षाको ४० मिनेटको समय पूर्णरुपमा सदुपयोग गर्नेगरेको पाईयो तर सामुदायिकका शिक्षकहरु औसतमा ५ मिनेटपछी कक्षा कोठामा जाने गरेको र २ जना शिक्षक वाहेक अन्य सबै शिक्षकहरु घण्टि लागेपछी मात्र कक्षा कोठाबाट निस्कने गरेको पाईयो । विभिन्न शिक्षण विधि संग सम्बन्धित सिद्वान्तहरुको प्रयोग, शैक्षिक विकेन्द्रिकरणको र शैक्षिक निजिकरणको प्रभाव, बालमैत्री शिक्षण, प्रयोगात्मक शिक्षण र शैक्षिक सामाग्रीको प्रयोग सामुदायिकको तुलनामा संस्थागत विद्यालयमा प्रभावकारी रहेको, संस्थागत विद्यालयका शिक्षकको तुलनामा सामूदायिक विद्यालयका शिक्षकहरुले विद्यार्थीहरु संग प्रश्न गर्दा विद्यार्थीहरुमाझ प्रश्न सोध्ने, एकछिन स्तब्ध रहने, उत्तरदाता तोक्ने, उत्तर ध्यान दिएर सुन्ने र मूल्याङ्कन गर्ने विधि (*APPPLE approach)* लाई ध्यान दिएको, सामूदायिकका शिक्षकको तुलनामा संस्थागतका सबै शिक्षकहरुले दैनिक गृहकार्य परिक्षण गर्ने गरेको र संस्थागत विद्यालयका प्रमुखले समय-समयमा कक्षा क्रियाकलापको छड्के अनुगमन गर्ने गरेको पाईयो । सामुदायिकमा जम्मा ३ प्रकारको परिक्षा प्रणाली हुने गरेको तर संस्थागतमा ५ प्रकारको परीक्षा प्रणाली हुने गरेको, संस्थागतमा पढाईहुने ऐच्छिक विषय गणित र कम्प्युटर विषयको अन्तिम परिक्षा जिल्ला स्तरिय रुपमा नहुने र सामुदायिकको तुलनामा संस्थागत विद्यालयले टर्मिनल परिक्षाहरुमा प्रयोगात्मक परिक्षाको व्यवस्था गरिएको पाइयो ।

निष्कर्षमा यस अध्ययनवाट प्राप्त भएका दुबै विद्यालयका समानता-असमानताहरु, प्राविधिक कुराहरु, सबल शिक्षण विधिहरु, शैक्षिक विकेन्द्रिकरणका प्रभावहरु र शैक्षिक निजीकरण विद्यालयको मजबुत प्रभावहरुलाई आधारमानि विष्लेषण गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्था तुलनात्मक रुपमा सबल रहेका छ भन्न सकिन्छ । दुबै विद्यालयमा देखिएका असमानताहरुलाई कम गरी शैक्षिक गुणस्तरमा बृद्गि ल्याउन शैक्षिक सामग्रीहरु प्रर्याप्त मात्रामा विद्यालयले उपलब्ध गराउनु पर्ने, सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई बढी भन्दा बढी अभ्यासात्मक कार्यहरुमा सहभागी गराउने, सामुदायिक विद्यालयका शिक्षकहरुले विद्यार्थीहरुले गरेका गृहकार्यहरुको मूल्याङ्कन गरी विद्यार्थीहरुलाई थप हौसला प्रदान गर्न पृष्ठपोषण प्रदान गर्ने, सामुदायिक विद्यालयको पुस्तकालयमा पुस्तकको प्रयापतता लाई प्रमूख प्राथमिकतामा राखि कार्य गर्नुपर्ने, पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि विभिन्न गोष्ठीहरुमा विषय शिक्षकहरुलाई सहभागी गराउनु पर्ने, शिक्षकले पूर्वपाठको पूनरावलोकन पश्चात अघिल्लो दिनको गृहकार्य परिक्षण गर्ने, कक्षाको ४० मिनेटको समय पूर्णरुपमा वालमैत्री वातावरणमा सदुपयोग गर्ने र पाठ्यक्रम कार्यान्वयनमा शैक्षिक विकेन्द्रिकृत प्रणालिलाई बढी जोड दिनुपर्ने आदि सुझावहरु प्रदान गर्न सकिन्छ ।

# विषयसूची


| | |
|---|---|
| सिफारिश पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञतासमर्पण | iii |
| संक्षिप्त शब्दावली | iv |
| शोधसार | v–vi |
| तालिकासूची | x |

| | | |
|---|---|---|
| **परिच्छेद एक : परिचय** | | **१-१०** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.४ | अध्ययनको औचित्य | ८ |
| १.५ | अध्ययनको उद्देश्य | ९ |
| १.६ | अध्ययनको परिसिमा | ९ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | | **११-२३** |
| २.१ | सैद्वान्तिक आधारहरु | ११ |
| | २.१.१ विद्यालय व्यवस्थापनसंग सम्बन्धित सिद्वान्तहरुको समिक्षा | ११ |
| | २.१.२ शिक्षण विधिसंग सम्बन्धि सिद्धान्तहरुको समिक्षा | १५ |
| | २.१.३ पाठ्यक्रमसंग सम्बन्धित परिभाषाहरुको समिक्षा | १८ |
| २.२ | सम्बन्धित अध्ययनहरुको समिक्षा | २० |
| २.३ | अवधारणा निर्माण | २३ |
| **परिच्छेद तीन : अध्ययन विधि** | | **२४-२८** |
| ३.१ | अनुसन्धान ढाँचा | २४ |
| ३.२ | नमूना छनौट प्रक्रिया | २४ |
| | ३.२.१ विद्यालयको छनौट | २५ |
| | ३.२.२ प्रधानाध्यापकको छनोट | २५ |
| | ३.२.३ शिक्षकको छनौट | २५ |
| | ३.२.४ विद्यार्थीको छनौट | २५ |
| ३.३ | अनुसन्धान साधनहरूको निर्माण | २६ |

३.३.१ विद्यालय सर्वेक्षण फारम २६
३.३.२ प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारम २६
३.३.३ शिक्षक प्रश्नावली २६
३.३.४ कक्षा अवलोकन फारम २७
३.३.५ लक्षित समूहसँग छलफलका लागि निर्देशिका २७
३.३.६ दस्तावेज अध्ययन २७
३.४ साधनहरुको वैधता २७
३.५ सूचना संकलन प्रक्रिया २८
३.५.१ द्वितीय स्रोतबाट सूचना संकलन प्रकृया २८
३.५.२ प्राथमिक स्रोतबाट सूचना संकलन प्रकृया २८
३.६ सूचनाको विश्लेषण प्रक्रिया २८

**परिच्छेद चार : सूचनाको विश्लेषण र व्याख्या** **२९-५४**
४.१ विषयगत संरचना र पाठ्यपुस्तकको तुलना २९
४.२ समय तालिकाको तुलना ३१
४.३ शैक्षिक क्यालेण्डरको तुलना ३३
४.४ भौतिक पूर्वाधार व्यवस्थापनको तुलना ३४
४.५ शिक्षक व्यवस्थापनको तुलना ३५
४.६ विद्यार्थी व्यवस्थापनको तुलना ३७
४.७ अतिरिक्त क्रियाकलापको तुलना ३८
४.८ कक्षाकोठा क्रियाकलापको तुलना ४०
४.८.१ अंग्रेजी विषयमा कक्षाकोठा क्रियाकलापको तुलना ४०
४.८.२ नेपाली विषयमा कक्षा कोठा क्रियाकलापको तुलना ४२
४.८.३ गणित विषयमा कक्षाकोठा क्रियाकलापको तुलना ४२
४.८.४ विज्ञान विषयमा कक्षाकोठा क्रियाकलापको तुलना ४४
४.८.५ सामाजिक विषयको कक्षाकोठा क्रियाकलापको तुलना ४५
४.८.६ जनसङ्ख्या र वातावरण शिक्षा विषयमा कक्षाकोठा क्रियाकलापको तूलना ४६
४.८.७ पूर्वव्यावसायिक शिक्षा विषयमा कक्षाकोठा क्रियाकलापको तुलना ४८
४.८.८ स्वास्थ्य तथा शारिरीक शिक्षा विषयमा कक्षाकोठा क्रियाकलापको तूलना ४९
४.८.९ नैतिक तथा नागरिक शिक्षा विषयमा कक्षाकोठा क्रियाकलापको तुलना ५०
४.८.१० ऐच्छिक कम्प्यूटर साइन्स विषयमा कक्षाकोठा क्रियाकलापको अवस्था ५१
४.९ परीक्षा प्रणालीको तुलना ५२

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु** **५५-६२**
५.१ प्राप्ति ५५
५.२ निष्कर्ष ५९
५.३ सुझावहरु ६०

**सन्दर्भसामाग्री** **६३-६४**

**अनुसुचिहरु** **६५-८५**
अनुसूचि १ : लक्षित समूह छलफलका लागि छनोटमा परेका विद्यार्थीहरु ६५
अनुसूचि २ : साधनहरु निर्माणको लागि खाका ६६
अनुसूचि ३ : विद्यालय सर्वेक्षण फाराम ६७
अनुसूचि ४ : प्र.अ.संगको अन्तर्वार्ता फाराम ७०
अनुसूचि ५ : शिक्षक प्रश्नावलीहरू ७२
अनुसूचि ६ : कक्षा अवलोकन फाराम ७५
अनुसूचि ७ : विद्यार्थीका लागि अर्थात लक्षित समुह छलफलका लागि निर्देशिका ७७
अनुसूचि ८ : दस्तावेज अध्ययन ७९
अनुसूचि ९ : सामुदायिक विद्यालयमा कक्षा ८ को विषयगत संरचना र पाठ्यपुस्तकहरुको अवस्था ८०
अनुसूचि १० : संस्थागत विद्यालयमा कक्षा ८ को विषयगत संरचना र पाठ्यपूस्तकहरुको अवस्था ८१
अनुसूचि ११ : सामुदायिक विद्यालयको कक्षा ८ मा शिक्षक ब्यवस्थापन ८३
अनुसूचि १२ : संस्थागत विद्यालयको कक्षा ८ मा शिक्षक ब्यवस्थापन ८४
अनुसूचि १३ : सामुदायिक विद्यालय र सस्थागत विद्यालय मा १ बर्षभरीमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरु ८५

**सिफारिस पत्रहरु**
श्री सगरमाथा ज्ञानपुञ्ज उच्च माध्यमिक विद्यालयको सिफारिस पत्र
श्री दिपज्योति विद्याश्रम ( माध्यमिक विद्यालय ) को सिफारिस पत्र

# तालिकासूची

**सूची**

४.१ : सामूदायिक विद्यालय र संस्थागत विद्यालयमा कक्षा ८ को विषयगत संरचना र पाठ्यपुस्तकको अवस्था ३०

४.२ : सामूदायिक र संस्थागत दुबै विद्यालयको समय तालिका ३२

४.३ : विद्यालयको शैक्षिक कार्यतालिका ३४

४.४ : सामुदायिक विद्यालयमा कक्षा ८ को परिक्षा प्रणालि ५२

४.५ : संस्थागत विद्यालयमा कक्षा ८ को परिक्षा प्रणालि ५३

## संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| उ.मा.वि. | = | उच्च माध्यामिक विद्यालय |
| पा.वि.के. | = | पाठ्यक्रम विकास केन्द्र |
| प्र.अ. | = | प्रधानाध्यापक |
| मा.वि. | = | माध्यामिक विद्यालय |
| रा.शि.प.यो. | = | राष्ट्रिय शिक्षा पद्धती योजना |
| APPLE Approach | = | Ask, Pause, Person, Listen and Evaluation approach |
| CERID | = | Research Centre for Educational Development |
| DOE | = | Department of Education |
| UNICEF | = | United Nations Children's Fund |